## प्रेस विज्ञप्ति

माननीय रक्षामन्त्री डा. मीनेन्द्र रिजालज्यूको अध्यक्षतामा रक्षा मन्त्रालय, सिंहदरबारमा मिति २०७८ कार्तिक २९ गते रक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूको आर्थिक वर्ष २०७८/७९ मा सञ्चालित विकास कार्यक्रम तथा आयोजनाहरूको प्रथम त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तर विकास समस्या समाधान समितिको बैठक बस्यो ।

उक्त बैठकमा रक्षा मन्त्रालय, नेपाली सेना, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति लगायतका निकायहरूबाट आ.व.२०७८/७९ को प्रथम त्रैमासिक अवधिमा हासिल भएका प्रगतिहरूको समीक्षा हुनुका साथै कार्यक्रम कार्यान्वयनका सन्दर्भमा देखिएका समस्या र चुनौती तथा समाधानका सम्भावित उपायहरू बारेमा समेत विस्तृत छलफल भएको थियो। बैठकमा राष्ट्रिय विकास समस्या समाधान समितिको पछिल्ला बैठकहरूबाट भएका निर्णयहरूमध्ये रक्षा मन्त्रालयसम्बद्ध निर्णयहरूको कार्यान्वयन स्थितिबारेमा समेत छलफल भएको थियो ।

समीक्षामा प्रथम त्रैमासिक अवधिमा रक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूबाट चालू खर्चतर्फ वित्तीय प्रगति २७.६७%, पुँजीगत खर्चतर्फ वित्तीय प्रगति (त्रैमासिक लक्ष्य अनुसार ११.२८%) तथा भौतिक प्रगति (त्रैमासिक लक्ष्य अनुसार ४९%) हासिल भएको तथ्य प्रस्तुत भएको थियो ।

समीक्षा बैठकमा माननीय रक्षामन्त्रीज्यूले रक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूको आ.व.२०७८/७९ को प्रथम त्रैमासिक अवधिको प्रगति सन्तोषजनक रहेको कुरा व्यक्त गर्नुभयो । रक्षा मन्त्रालय र नेपाली सेनाद्वारा निर्माणाधीन विकास कार्यक्रम तथा आयोजनाहरू समयमै सम्पन्न गर्न सरोकारवाला सबै मन्त्रालयहरूले आवश्यक समन्वय तथा सहयोग गर्नुपर्ने कुरा व्यक्त गर्नुभयो । उहाँले काठमाडौं-तराई/मधेश द्रुतमार्गको खोकना क्षेत्रमा पर्ने जग्गा प्राप्तिमा भएको कठिनाइका सम्बन्धमा सबै स्तरमा छलफल गरी समस्या समाधानको उपाय निकाल्नु पर्ने कुरा औंल्याउनु भयो ।

कार्यक्रममा नेपाली सेनाका प्रधान सेनापति श्री प्रभुराम शर्माज्यूले कार्यक्रम कार्यान्वयनका सन्दर्भमा सम्बन्धित सबै मन्त्रालय/निकायहरूबाट प्राप्त सहयोग र समन्वयका लागि धन्यवाद व्यक्त गर्नुभयो । नेपाली सेनाले अघि बढाएका महत्त्वपूर्ण कार्यक्रमहरू राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय, काठमाडौं-तराई/मधेश द्रुतमार्ग लगायतका आयोजनामा आवश्यकताको तुलनामा न्यून बजेट विनियोजन भएको सन्दर्भमा थप बजेट व्यवस्था भएमा मात्र लक्ष्यबमोजिम प्रगति हासिल हुने विचार व्यक्त गर्नुभयो । साथै, कोभिड-१९ व्यवस्थापनका लागि आवश्यक पर्ने होल्डिङ्ग सेन्टर निर्माणका लागि आवश्यक जग्गा प्राप्ति र स्रोत सुनिश्चितताको विषयमा सम्बद्ध सबै निकायबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । साथै, बंकरदेखि ब्यारेक कार्यक्रम लगायतका कार्यक्रमलाई समयमै सम्पन्न गर्न पुँजीगत बजेट कम भएकोले आगामी दिनमा पर्याप्त बजेट व्यवस्था हुने आशा व्यक्त गर्नुभयो ।

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

समीक्षा बैठकमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा.राम कुमार फुयालज्यूले राष्ट्रको सर्वाङ्गीण विकास गर्न विकास आयोजना नेपाली सेनालाई सुम्पिएकोमा अपेक्षित उपलब्धि हासिल भएको कुरा व्यक्त गर्नुभयो। उहाँले राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय एक अनुकरणीय आयोजना रहेको भन्दै यसले मानव संशाधन विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । साथै, यसलाई बहुवर्षीय आयोजनाको रूपमा स्वीकृत गरी यसका लागि आवश्यक पूर्वाधार निर्माणमा ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो । साथै, उहाँले विकास आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा अन्तर मन्त्रालय समन्वय हुनुपर्ने समेत बताउनुभयो ।

रक्षा मन्त्रालयका सचिव श्री बेगेन्द्रराज शर्मा पौड्यालले कार्यक्रम तथा आयोजनाहरूका लागि समयमै बजेटको सुनिश्चितता र अख्तियारी प्राप्तिका सम्बन्धमा अर्थ मन्त्रालयबाट सहजीकरण हुनुपर्ने कुरा व्यक्त गर्नुभयो। अन्य निकायबाट प्राप्त हुनुपर्ने अख्तियारी एवं बजेट निकासामा ढिलाई हुँदा काम प्रभावित हुने भन्दै सम्बद्ध मन्त्रालयहरूबाट समयमै अख्तियारी प्राप्त हुनुपर्ने कुरा उल्लेख गर्नुभयो । उहाँले काठमाडौं-तराई/मधेश द्रुतमार्गको खोकना क्षेत्रमा पर्ने जग्गा प्राप्ति एवं आयोजना क्षेत्रमा पर्ने रुख कटान तथा वातावरणीय परीक्षण लगायतका विषयमा सम्बन्धित सबै निकाय एवं जन प्रतिनिधिबाट आवश्यक सहजीकरण हुनुपर्ने कुरा व्यक्त गर्नुभयो । उहाँले राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयलाई बहुवर्षीय आयोजनाको रूपमा स्वीकृत गर्न, वीरेन्द्र अस्पताललाई Mass Casualty Treatment Center को रूपमा स्तरोन्नति गर्न आवश्यक स्रोतको प्रबन्ध , कोभिड-१९ र विपद् व्यवस्थापनमा नेपाली सेनालाई थप स्रोत उपलब्ध गराउन सम्बन्धित निकायहरुबाट सहजीकरण हुनुपर्ने कुरा व्यक्त गर्नुभयो । उहाँले नेपाली सेनाको Expertise बमोजिमको जिम्मेवारी प्रदान गर्नुपर्ने विषयमा जोड दिनुभयो ।

बैठकमा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधिहरू, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिका अध्यक्ष र काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाका प्रमुखले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो । समीक्षा बैठकमा रक्षा मन्त्रालयका योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा प्रमुख श्री बाबुराम अधिकारीले मन्त्रालय र अन्तर्गतको चालु आ.व.को प्रथम त्रैमासिक अवधिको प्रगति अवस्थाको समग्र प्रस्तुतीकरण गर्नु भएको थियो ।

रक्षा मन्त्रालय,
सिंहदरबार, काठमाडौं
२९ कार्तिक २०७८

नेपाल सरकार रक्षा मन्त्रालय सिंहदरबार

कृष्ण प्रसाद ज्ञवाली
सहसचिव एवं प्रवक्ता